# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## वित्तीय प्रणालीको व्यवस्थापनमा विश्वव्यापी मापदण्ड पछ्याउनु पर्छ : गभर्नर डा. नेपाल

**(गभर्नर डा. नेपालद्वारा नेपाल वित्तीय संस्था संघको साधारण सभाको समुद्घाटन)**

गभर्नर डा. चिरंजीबि नेपालले नेपाल वित्तीय संस्था संघको उन्नाइसौं वार्षिक साधारणसभा असोज ८ गते काठमाडौमा समुद्घाटन गर्नुभयो । सो समारोहलाई सम्बोधन गर्दै उहाँले विश्व नै एक गाउँ भइसकेको र विभिन्न मुलुकहरुबीच अन्तर्निर्भरता बढेकाले वित्तीय प्रणालीको व्यवस्थापन तथा नियमन गर्दा समेत विश्वव्यापी मापदण्डको अवलम्बन गर्नु आवश्यक भएको स्पष्ट पार्नुभयो । गतिशील चरित्रको पुँजीलाई मुलुकको लगानीमा उपयोग गर्न तथा बाह्य क्षेत्रबाट समेत आकर्षित गर्न कुशल र सबल वित्तीय प्रणालीको आवश्यकता पर्ने भएकाले नेपाल राष्ट्र बैंक त्यसतर्फ केन्द्रित भएको उहाँले बताउनु भयो ।




चालू आर्थिक वर्षको मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धिको प्रावधान राखिएको प्रसङ्गमा उहाँले नेपालका बैंक तथा वित्तीय संस्थाको पुँजी अन्तर्राष्ट्रिय स्तरमा मात्र होइन सार्क क्षेत्रमा नै कम रहेकाले ससाना परियोजनामा लगानी गर्न समेत सहवित्तीयकरण वा बहुबैकिङ गर्नुपर्ने अवस्था रहनुका साथै जोखिम व्यहोर्ने क्षमता कम भएका कारण पुँजी वृद्धिको निर्णय लिइएको जानकारी दिँदै विदेशी लगानीकर्तालाई समेत नेपालका बैंक तथा वित्तीय संस्था सबल र सक्षम रहेको सन्देश दिई लगानीको वातावरण बनाउन, विदेशमा समेत शाखा विस्तार गरी सेवा र मुनाफाको दायरा बढाउन समेत पुँजी वृद्धि उपयोगी हुने धारणा गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो ।

नेपाल राष्ट्र बैंकले निक्षेपकर्ताको हितमा केन्द्रित हुने भएकाले र निक्षेप लिन इजाजतपत्र दिइएका संस्था सबल भएमा माात्र निक्षेप कर्ता सुरक्षित हुने भएकाले सबल वित्तीय प्रणालीको विकासमा नेपाल राष्ट्र बैंक क्रियाशील हुने प्रतिबद्धता व्यक्त गर्दै यस दिशामा अघि बढ्न कुनै समस्या देखिएमा समाधानका लागि नेपाल राष्ट्र बैंक सधैं तयार रहेको जानकारी दिंनुभयो । वित्तीय व्यवस्थापन कार्य नेपाल राष्ट्र बैंककै प्रमुख दायित्व भएकोले आपसी छलफलबाटै व्यावहारिक समस्या समाधान हुने बताउँदै उहाँले यस प्रकारका समस्याको समाधान अन्यत्रबाट गर्नु उपयुक्त नहुने धारणा राख्नुभयो । पुँजी वृद्धिका लागि मर्जर लगायतका सबै उपाय अवलम्बन गर्न निर्धारित दुई वर्ष पर्याप्त रहने अन्तर्राष्ट्रिय अनुभव रहेको जानकारी समेत उहाँले समारोहमा दिनुभएको थियो ।

सोही समारोहमा कार्यकारी निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका शिवनाथ पाण्डे र वित्तीय संस्था सुपरिवेक्षण विभागका जनकबहादुर अधिकारीले वित्तीय

संस्थाको नियमन तथा सुपरिवेक्षण सम्बन्धमा रहेका नीतिगत व्यवस्थाका बारेमा प्रकाश पार्नु भएको थियो ।

## लिक्विडेसन प्रक्रिया सरल र शीघ्र हुनुपर्छ : डा. नेपाल

सोही दिन गभर्नर डा. चिरंजीबि नेपालले नेपाल राष्ट्र बैंक, समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाद्वारा आयोजित **लिक्विडेसन प्रक्रिया एवम् निक्षेप बिमाको भुक्तानी सम्बन्धमा देखिएका जटिलता र सुधारको आवश्यकता** विषयक अन्तक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले समस्याग्रस्त घोषणा गरिएका बैंक तथा वित्तीय संस्थाको सरल र छिटोछरितो रूपमा समाधान गर्नका लागि महाशाखाको गठन गरिएकोमा प्रक्रियाका कारण अपेक्षाकृत रूपमा छरितो हुन नसकेको धारणा राख्दै संस्थालाई खारेजीमा लाने वा पुनर्जीवन प्रदान गर्ने कुराको निर्क्यौल शीघ्र भएमा प्रणालीगत जोखिम कम हुने बताउनु भयो । नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण जोखिम केन्द्रित हुनुको अर्थ संस्थाको कमजोरी बेलैमा पहिचान गरी संस्थालाई समस्यामा पुग्नै नदिनु हो भन्नुहुँदै उहाँले बैंक तथा वित्तीय संस्था विश्वव्यापी प्रावधानका आधारमा चल्ने स्पष्ट पार्नुभयो । चारै वर्गका संस्थामा निक्षेप बीमा गरिएको जानकारी दिँदै गभर्नर डा. नेपालले नियामक निकायप्रतिको विश्वास गुम्न नदिनका लागि पनि निक्षेप बिमा आवश्यक रहेको अभिव्यक्ति दिनुभयो । नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिएर सर्वसाधारण जनताको सम्पत्तिमाथि खेलबाड हुन नहुने स्पष्ट धारणा राख्दै यो प्रवृत्तिलाई निरुत्साहित गर्न वर्तमान मौद्रिक नीतिमा पुँजी अभिवृद्धिसम्बन्धी प्रावधान ल्याइएको स्पष्ट पार्नुभयो । वित्तीय स्थायित्व कायम भए नै मुलुकमा लगानी वृद्धि हुन गई उत्पादन, आय तथा रोजगारी वृद्धि हुन जाने र आर्थिक विकासमा अघि बढ्न सकिने भन्नुहुँदै उहाँले समस्याग्रस्त संस्थाका प्रणालीगत जोखिमलाई पत्ता लगाई नीति निर्माणका लागि सुझाव दिन सहभागीहरुलाई उहाँले आग्रह गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा डेपुटी गभर्नर महा प्रसाद अधिकारीले उक्त छलफलबाट धेरै व्यावहारिक समस्या बाहिर आएका र आगामी दिनमा यी समस्या सम्बोधन गर्न सहयोग पुग्ने आशा व्यक्त गर्नुभयो । गलत नियतले वित्तीय क्षेत्रमा प्रवेश गरेकाहरु नै समस्यामा परिरहेको भन्नुहुँदै उहाँले वित्तीय क्षेत्रका अपराधीहरुलाई विद्यमान कानुनी दण्ड कम भएको उहाँको आसय थियो । निक्षेप बिमाका सम्बन्धमा कानुनी सुधार भइरहेको जानकारी दिँदै उहाँले निक्षेप बिमा तथा कर्जा सुरक्षण निगमको संस्थागत क्षमता वृद्धि गर्न सुझाव दिनुभएको थियो ।

कार्यक्रममा आयोजक महाशाखाका प्रमुख तथा निर्देशक रेवतीप्रसाद नेपालले सो विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने कार्यपत्रमाथि पुनरावेदन अदालत, सुरक्षा निकाय, समस्याग्रस्त संस्थाका लिक्विडेटर लगायतका सरोकारवालाहरुले आआफ्नो धारणा राख्नुभएको थियो ।